## वैठक नं. ७

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय बर्दिया तहको समन्वय समितिको वैठक आज मिति २०८०।०९।२६ गते बिहिबार जिल्ला सरकारी वकील कार्यालय, बर्दियामा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : अध्यक्ष

श्री मोहनप्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दियाः सदस्य

श्री सुधिरराज शाही, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दियाः सदस्य

डा. आरिफ तेली, मेडिकल अधिकृत, बर्दिया अस्पतालः सदस्य

श्री शिवराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : सदस्य सचिव

**आमन्त्रित सदस्य**

डा. अशोककुमार राम, वरिष्ठ संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयः

श्री टंकबहादुर गुरुङ, निमित्त डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बर्दियाः

**आमन्त्रितः**

श्री ज्ञानबहादुर चौधरी, वन अधिकृत, बबई डिभिजन वन कार्यालय, जयनगर, बर्दिया

श्री सन्तोष चौधरी, वन अधिकृत, खाता सब डिभिजन वन कार्यालय, सानोश्री, बर्दिया

श्री पुरुषोत्तम वाग्ले, संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

श्री कमलप्रसाद चौधरी, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

**प्रस्तावहरु**

१) शारीरिक र यौनजन्य हिंसाका पीडितलाई मनोसामाजिक परामर्श र संरक्षण गर्ने सम्बन्धमा ।

२) मुद्दाको अनुसन्धान गर्ने निकायहरुबीच अनुसन्धानमा समन्वय र सहकार्य सम्बन्धमा ।

३) अपराध अनुसन्धानमा काम गर्ने अनुसन्धान अधिकृत र अनुसन्धान सहायकको क्षमता अभिवृद्धि सम्बन्धमा ।

२०८०।९।२६

४) अनुसन्धान गर्ने निकाय बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको प्रमुख र डिभिजन वन कार्यालय बर्दियाको प्रमुखलाई समन्वय समितिको वैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्ने सम्बन्धमा ।

निर्णयहरू:

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा बर्दिया अस्पतालमा अवस्थित एकद्वार संकट व्यवस्थापन केन्द्रमा शारीरिक जाँच गर्न आएका शारीरिक र यौन हिंसाका पीडितको शारीरिक जाँच गर्नु अघि अस्पतालका मनोसामाजिक परामर्शकर्ताबाट मनोसामाजिक परामर्श उपलब्ध गराई पीडितलाई परेको मानसिक, सामाजिक र शारीरिक असरका सम्बन्धमा प्रतिवेदन समेत तयार गरी सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान गर्ने निकाय प्रहरीलाई उपलब्ध गराउने व्यवस्था गर्ने । शारीरिक र यौनजन्य हिंसाका पीडितलाई तत्काल उद्धार र संरक्षण गर्नुपर्ने अवस्था देखिएमा प्रहरीलाई जानकारी गराई समन्वय समितिमा भएका सरकारी निकायहरुबाट संरक्षणका लागि पहल गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा यस बर्दिया जिल्लामा मुख्य रुपमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान गर्ने निकायहरु प्रहरी, निकुञ्ज र वनका कर्मचारीहरुले आ आफ्नो कार्य क्षेत्र अन्तर्गत अनुसन्धान गर्दै जाँदा कुनै मुद्दाको विषयवस्तु अर्को निकायको कार्यक्षेत्र भित्र पर्ने तथा कुनै विषय अनुसन्धान गर्ने विभिन्न निकायहरुको कार्य क्षेत्र भित्र पर्ने भएमा सम्बन्धित निकायलाई सम्बन्धित कागजातहरु र सबुत प्रमाण सुरक्षित साथ उपलब्ध गराउने तथा अनुसन्धान गर्ने निकायहरुबीच अनुसन्धानमा समन्वय र सहकार्य गरेर अनुसन्धान कार्यलाई टुँगो लगाउने । एउटा अनुसन्धान गर्ने निकायलाई अर्को अनुसन्धान गर्ने निकायको अनुसन्धानमा सहयोग आवश्यक परेको अवस्थामा सहयोग उपलब्ध गराउने । अनुसन्धानको क्रममा द्विविधा भएको विषयमा सरकारी वकीलसँग परामर्श गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा प्रहरी, वन र निकुञ्जमा कार्यरत अनुसन्धानमा काम गर्ने अनुसन्धान अधिकृत र अनुसन्धान सहायकको क्षमता अभिवृद्धि र अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन जारी नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका २०८० को सम्बन्धमा जानकारी दिन अनुसन्धान गर्ने निकायहरु जिल्ला प्रहरी कार्यालय बर्दिया, डिभिजन वन कार्यालय, बर्दिया र बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालयको आयोजना र जिल्ला सरकारी वकील कार्यालय बर्दियाको समन्वय र सहकार्यमा आ आफ्नो निकायको अनुसन्धानमा काम गर्ने कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम २०८० चैत्र मसान्त भित्र आयोजना गर्ने निर्णय गरियो ।

२०८०।१।२६

४) प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ ले व्यवस्था गरेको समन्वय समितिले मिति २०७५।०५।०६ मा गठन गरेको यस जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समितिमा जिल्लामा रहेका अपराध अनुसन्धान गर्ने निकायका प्रमुख वा निजले तोकेको अधिकृत: सदस्य हुने ब्यवस्था बमोजिम अनुसन्धान गर्ने निकाय बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको प्रमुख र डिभिजन वन कार्यालय बर्दियाको प्रमुखलाई समन्वय समितिको वैठकमा सहभागीता हुँदै आएकोमा ती निकायका प्रमुखहरुलाई नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा ४९ को उपदफा (४) मा समन्वय समितिको बैठकमा मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ भन्ने ब्यवस्था बमोजिम प्रत्येक समन्वय समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

२०८०।९।२६